# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**

२०७६/०२/१७

चौथो अधिवेशन

(नवौं बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरू,**

यस सभाको चौथो अधिवेशनको नबौं बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

२. **मा० सदस्यहरु,**

अब, **"प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथिको कार्बाही प्रारम्भ हुन्छ ।

३. **माननीय सदस्यहरू,**

अब, म आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई **"प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस भनी प्रस्ताव पेस गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सभामा सामान्य छलफल गरियोस भनी यो प्रस्ताव पेश गर्दछु धन्यवाद ।

***(प्रस्ताव पेस भएपछि)***

४. **माननीय सदस्यहरू,**

अब, म **"प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि बीचार गरियोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**("हुन्छ" भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**("हुन्न" भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि बीचार गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

**("हुन्न" भन्ने आवाज सुनिए)**

"हुन्छ" भन्ने माननीय सदस्यहरु भन्दा हुन्न भन्ने माननीय सदस्यहरुको संख्या न्युन देखिएकोले **"प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि बीचार गरियोस भन्ने प्रस्ताव बहुमतले स्विकृत भएको घोषणा गर्दछु ।

***(घोषणा पछि)***

५. **माननीय सदस्यहरु,**

अब, प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम **"प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरिने छ । विधेयकको मनसाय स्पष्ट पार्न बाहेक विधेयकका दफाहरू माथि छलफल गरिने छैन। छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुका लागि ३ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय **मान बहादुर धामी** लाई समय दिन्छु ।

**माननीय मान बहादुर धामी :-** माननीय सभामुख महोदय, प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि हामी सदनमा सैद्धान्तिक छलफलको प्रक्रियामा छौ । सब भन्दा पहिले त सुदूरपश्चिम प्रदेश सरकार आन्तरिक मामिला तथा काननून मन्त्रीज्यूलाई धन्यवाद ज्ञापन गर्न चाहान्छु । सुदूरपश्चिम प्रदेश सरकारको अर्को सफलताको रुपमा हामीले यसलाई ग्रहण गरेका छौ । किन भन्दा खेरि अब यो विधेयक बनिसकेपछि एक स्टेप सुदूरपश्चिम प्रदेश सरकार र यहाको आम जनताहरुको चाहाना एक स्टेप अगाडि पुगेको छ । त्यस कारणले सैद्धान्तिक रुपमा जुन नेपालको संविधानको परिधि भित्र बसेर यो विधेयक प्रस्तुत भएको छ । यो विधेयकले निश्चित रुपमा पनि थुप्रै समस्याहरुको हल गर्ने । कैयु जटिलताहरुलाई पार गर्ने स्पष्ट मनसाय राखेको छ । त्यस कारणले यो विधेयकको पूर्ण समर्थन गर्न चाहान्छु । र यो विधेयकलाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाईयोस भन्ने कुरा पनि म यहा राख्दै पुनः यो विधेयकले एउटा महत्वपूर्ण खुटकिलो पार गरेको छ । र अब प्रदेश सरकार एउटा गतिमा जादैछ भन्ने एउटा संकेत हो यस कारणले हामी सबैले यसलाई चाहि अगाडि बढाउनको लागि समर्थन, साथ र सहयोगको अपेक्षा गर्दै पुनः आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई विशेष धन्यवाद दिन चाहान्छु । धन्यवाद ।

**माननीय भरत बहादुर खड्का :-** सभामुखज्यू आज प्रदेश लोकसेव आयोगको गठन, काम कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि हामी छलफल गर्दै छौ । बास्तवमा लोकसेवा प्रदेश लोकसेवा जो विधेयक छ । यो अत्यन्त महत्पूर्ण विधेयक हो । यो विधेयक शुरुमा

आउनुपर्थ्यो त्यसैले हामीले भनेका थियौ । कुन कुन ऐनलाई पहिलो प्राथमिकता दियौ त्यो आईडेन्टीफाई गरौ र त्यो अनुसार जसलाई प्राथमिकतामा राखेर ल्याउनुपर्ने हो त्यलाई ल्याउनुपर्छ भनेर हामीले भनेका थियौ । यो ढिला भएको छ । ढीला भएपनि एकदम महत्वपूर्ण यो विधेयक हो । र जहा सम्म आज नेपालमा एउटा सबैको लागि भरपर्दो आयोगको रुपमा लोकसेवा आयोग रहेको छ । त्यसले केहि हद सम्म निजामति कर्मचारी देखि लिएर अन्य सेवाका कर्मचारीहरुलाई केहि हद सम्म निश्पक्षताका साथ यसले व्यवस्थापन गरिराखेको छ । जसले गर्दाखेरि चाहि आधार र भरोसा लोकसेवा आयोगले हामीलाई प्राप्त गरेको छ । र जहा सम्म मलाई लाग्छ यसलाई अझ बढी सरोकारवाला सँग पनि छलफल गर्नुपर्छ । मैले गठनको कुरा यसो हेर्दा खेरि नेपालको संविधान बडा विचित्र छ र यसको आफ्नै क्यारेक्टर छ । यो समावेशि, समानुपातिकको छ । महिलाहरुलाई उच्च मान्यता दिएको छ । ३३ प्रशेन्ट र महिला सहित ३ जना भनेको छ । समावेशि यसको मुख्य चरित्र हो । महिला सहित अरु जनजाति, अल्पसंख्यक, थारु लगायतको बर्गबाट पनि हामीले यसमा समावेश गर्न सक्यौ भने संविधानको मुल मर्म र भावनालाई हामी सम्मान गर्न सक्छौ । त्यसैले यस्ता कुराहरु पनि अत्यन्त संविधानका महत्वपूर्ण विषय हुन जस्तो मलाई लाग्छ । र अर्को कुरा मलाई के लाग्छ भन्दाखेरि यो ऐन बनाउदा यो जुन मस्यौदा बनेको छ । मैले धेरै हेर्न त पाएको छैन । र जहासम्म मलाई के लाग्छ भन्दा खेरि अझ यसलाई प्रस्कृत गर्न जरुरी छ । सरोकारवाला र विज्ञहरुलाई राखेर किन भन्दा ऐन भनेको धेरै महत्वपूर्ण विषय हो । यो पटक पटक चाहे हामीले सोचे जस्तो संशोधन हुदैन । त्यसैले गर्दा खेरि हामीले कुनै पनि विधेयकलाई ऐनमा परिणत गराउदा सम्म यसका सरोकारवाला संघ, संस्था देखि विज्ञहरुलाई व्यक्तिहरुलाई राखेर कमसेकम हामीले बनाएको ऐन टिकाउ हुने र नेपालको संविधानको मुल मर्म र भावना सँग रहेको यस्तो खालले हामीले बनाउनु पर्छ र ऐन आफैमा महत्वपूर्ण छ । यो लोकसेवा आयोग एक भरपर्दो आयोग भएको हुनाले हामीले यसलाई पोलिटिकाईज कुनै रंग दिनु पनि हुदैन । किन भने राज्य स्थायी हुन्छ । राज्यका संयन्त्रहरु स्वतन्त्र, निश्पक्ष हुनुपर्छ जसले सबैलाई सन्तुलित तरिकाको सेवा दिन सक्छ र राज्य संन्तुलित हुन सक्छ । त्यो राज्य सबैको भरपर्दो राज्य हुन्छ । त्यसैले राज्यका संवैधानिक आयोग मध्ये महत्वपूर्ण आयोग भएको हुनाले यसलाई त्यहि ढंगले विकास गर्नको लागि यसलाई परिपक्क बनाउनको लागि म सभामुखज्यू मार्फत अनुरोध के गर्न चाहान्छु भने यसलाई सम्बन्धित समितिमा पठाएर दुईचार दिन गहन छलफल सरोकारवालाहरु राखेर यसलाई परिस्कृत गर्न जरुरी छ यो अझ परिस्कृत हुन जरुरी छ । मैले धेरै हेर्न नपाए पनि अझ पनि परिस्कृत गराउन जरुरी भएको हुनाले सम्बन्धित समितिमा लिएर व्यापक छलफल गरेर, सरोकारवालाहरुलाई राखेर संविधानलाई राखेर, कानूनविदलाई राखेर, विज्ञलाई राखेर यो महत्वपूर्ण छ र संवेदनशिल छ । र हामीले बनाउने यो विधेयक र जहा हामीले यसलाई कानूनमा परिणत गरिसकेपछि कर्मचारी क्षेत्रमा आउने निश्पक्षता, पारदर्शि यसलाई सहि ढंगको व्यवस्थापनमा सुदूरपश्चिम प्रदेशको लागि यो एउटा महत्वपूर्ण कानून बन्ने छ । त्यसतर्फ हामी सबै सहयोग गरौ यसलाई परिस्कृत विधेयको रुपमा हामी यसलाई कानूनमा परिणत गरौ धन्यवाद ।

**मा० कृष्ण बहादुर चौधरी :-** माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूले सदनमा टेबल गर्नु भएको छ । यो प्रदेश लोकसेवा आयोग धेरै चासोको विषय र

धेरै जनाको यस विषयमा धेरै चासो भएको एउटा महत्वपूर्ण मध्यको एउटा विषय पनि हो यो सभामुख महोदय, हाम्रो प्रदेश सरकारले विगतका दिन देखि खास गरेर हामी संघीयताको अभ्यास गरिरहदा सुदूरपश्चिम प्रदेश गठन भै सके यता हाम्रो कर्मचारीको धेरै ठुलो समस्या थियो र अहिले पनि छ त्यो कुरा अब हाम्रो यो विधेयक छलफल हुन्छ, पास हुन्छ, कानून बन्छ त्यस पछि एउटा बाटो खुल्छ यो प्रदेशको लागि हाम्रो प्रदेश भित्र रहेका यि कर्मचारीहरुको समस्यालाई यो विधेयक पास भैसकेपछि केहि हद सम्म समाधान यसले गर्छ। त यो आयोगलाई हामीले हाम्रो देशमा अझै हाम्रो सुदूरपश्चिम प्रदेशमा यो आयोग माथि हामीले आच आउन दिनु हुदैन। यसलाई सकभर निष्पक्षतामा हामीले ध्यान दिनुपर्छ। र यसलाई मर्यादित बनाउनुपर्छ र आयोग चाहि एउटा समावेशिको सिद्धान्तमा टेकेर चाहि हामीले अगाडि बढाउनु पर्छ जस्तो मलाई लाग्छ। त्यस कारणले अब यो विधेयक त पोरसालै ०७४।०७५ मा त आउन सकेन विभिन्न कारणले २०७५।०७६ मै आउनुपर्ने विधेयक थियो यो बास्तवमा अलिकति ढीलो भयो आयो यो धेरै सकारात्मक छ, राम्रो छ, धेरै भए पनि यो माननीय मन्त्रीज्यू आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूले चाहि ल्याउनुभएको छ यसलाई अब हामी सबै मिलेर सहज एउटा बाताबरण बनाउनुपर्छ र हाम्रो प्रदेशलाई अगाडि बढाउनु पर्छ। म सामान्य छलफल गरिरहदा यहा परिभाषामा मैले केहि कुरा भेट्टाए खास गरि यो ट स्थानीय तह भन्नाले गाउँपालिका वा नगरपालिका सम्झीनु पर्छ सो अर्थले जिल्ला सभा समेतलाई जनाउछ भनेर यहा लेखिएको छ । मैले यसो हेरि रहदा एउटा उपमहानगरपालिका महानगरपालिका पनि हाम्रो देशमा र हाम्रो प्रदेशमा पनि धनगढी उपमहानगरपालिका छ यो उपमहानगरपालिका किन छुटेहोला भन्ने जस्तो मलाई लाग्यो र अर्को यो परिच्छेद २ मा एक मै सुदूरपश्चिम प्रदेशमा प्रदेश लोकसेवा आयोग रहने छ। जसमा कम्तीमा १ जना महिला हुनेगरि अध्यक्ष सहित बढीमा तीन जना सदस्य रहनेछन् भनेर भनेको छ। यो तीन जना भनेको समावेशिको हिसाबले हामी लैजाने हो भने तीनजना अलि थोरै हुन्छ कि जस्तो लाग्छ। यसलाई हामीले ५ बनाउन सक्यौ भने समावेशिको हिसाबले अरु समुदायलाई पनि हामी समेट्न सक्छौ। र यहा दुईमा त्यसैको दुईमा आयोगको अध्यक्ष र सदस्यको नियुक्तिको लागि सिफारीस गर्न देहाय बमोजिमको समिति रहने छ। प्रदेश मुख्यमन्त्री अध्यक्ष, प्रदेश सभाको सभामुख सदस्य, प्रदेश सभाको विपक्षि दलको नेता सदस्य भनेर भनिएको छ। अब ग मा प्रदेश सभाको विपक्षि दलको नेता भनेर भनिएको छ यहा विपक्षी दलको नेता भनेर भन्ने हो भने हामी यहा दुई दल छौ विपक्षी दमा कलाई भनिएको हो। विपक्षी दल भनेको छ विपक्षीमा त हामी पनि छौ या त प्रमुख प्रतिपक्षी दल भनेर भनेको भए नेपाली कांग्रेसलाई सिधै जान्थ्यो यो त्यस कारणले यदि हामीलाई भनिएको हो। रा.ज.पा.लाई भनेको हो भने यहा प्रमुख प्रतिपक्ष दल पनि थपिनु पर्छ जस्तो मलाई लाग्छ यहा त्यस कारणले अरु कुराहरु पनि धेरै कुराहरु छन् यो विषयगत समितिमा जान्छ र वृहत छलफल भएर आउछहोला। एउटा प्रकारले त्यस कारणले यो ज्यादै महत्वपूर्ण विधेयक हो हामी सबैले स्वागत गर्नुपर्छ। ढिलै भयो आयो तैपनि हामीले स्वागत गर्नुपर्छ र सफलतामा पुऱ्याउनुपर्छ जस्तो मलाई लाग्छ। यति भन्दै विदा हुन्छु हवस धन्यवाद।

**मा० पूर्णा जोशी :-** माननीय सभामुख महोदय प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, ढिलै भए पनि सदनमा प्रस्तुत भएको छ माननीय मन्त्रीज्यूलाई म धन्यवाद व्यक्त गर्न चाहान्छु। मुलुकमा तीन तहका सरकार गठन भैसकेपछि सरकारका काम, सरकारका नीति, सरकारका कार्यक्रम कार्यान्वयन गर्नको लागि हामीले सार्वजनिक क्षेत्रको सेवा प्रवाह गर्ने कर्मचारीहरुको अत्यन्त महत्वपूर्ण भूमिका हुन्छ र त्यो खड्की रहेको अवस्था थियो प्रदेश स्वयंको आफ्नो लोकसेवा आयोग गठन भैसकेपछि ती सार्वजनिक क्षेत्रमा काम गर्ने कर्मचारीहरु सेवा

प्रदायहरुको आपूर्ति हुन्छ भन्ने कुराहरु हामीले त्यो महसुस गरेका छौ । त्यो प्रदेशले महसुस गरेको छ । यो आयोगले त्यतातर्फ यो आफैमा पास भैसकेपछि त्यता तर्फ कदम चाल्ने छ भन्ने कुराहरु हामी विश्वस्त छौ । आयोग आफैमा एउटा स्वतन्त्र निकाय हो संस्था हो । स्वतन्त्र संस्थाको गठन विज्ञहरुको समुहबाट हुन्छ । र त्यो विज्ञहरुको समुह भनेको विभिन्न क्षेत्रमा संविधानले अंगिकार गरेको, संविधानले स्वीकार गरेको समावेशि सिद्धान्तको आधारमा पनि हुन्छ त्यस कारणले गर्दा खेरि यो आयोग गठन गर्दा खेरि ध्यान जाने छ भन्ने कुराहरु राख्न चाहान्छु । हामीले विगत देखि लोकसेवा आयोग आफैमा एउटा संघको अथवा केन्द्रिय स्तरको लोकसेवा आयोगबाट अहिले सेवा प्रवाहहरु भैराख्या छन् अथवा कर्मचारीहरुको छनौट भैराख्या छ । त्यो आयोग आफैमा अत्यन्त धैरै एउटा अहिले सम्म कहि कतै पनि एउटा क्वीसन नभएको अथवा स्वतन्त्र रुपले त्यसका सेवा त्यसले गरेको छनौटमा कुनै किसिमको संका नभएको एउटा आयोग हो । तथापी प्रदेशमा आयोग गठन हुदा खेरि प्रदेशका आफ्ना छुट्टै किसिमको हाम्रो चाहि पहिचान छ र हाम्रो प्रदेश अहिले सम्म पछाडि पारेको जनशक्तिको रोजाईका हिसाबमा पनि हामी पछाडि, पफमेन्सका आधारमा पनि हामी पछाडि पारिएको एक प्रकारको जनशक्तिले अहिले सम्म काम गर्नुपर्ने परिस्थिति छ । यतिखेरा प्रदेशको लोकसेवा आयोगको गठन भैसकेपछि हामीले त्यो खालको हामीले अहिले सम्म जे भोगी राख्या छौ त्यसको परिपूर्ति हुन्छ र भोली महसुस हुदैन भन्ने कुराहरुमा हामी विश्वस्त छौ । दक्ष जनशक्ति उत्पादन गर्ने एउटा खालको संस्था स्वतन्त्र संस्थाको रुपमा यो प्रदेश लोकसेवाले काम गर्नेछ भन्ने कुराहरु राख्न चाहान्छु । अहिले सम्मको हेर्दा खेरि प्रदेश कसैको पनि रोजाईमा परेको छैन । अहिले पनि स्थानीय तहमा जाने जति कर्मचारीहरु एक तह बढुवा भएर जाने भन्ने खालको एउटा ईन्सेन्टीभ दिई सकेपछि मात्रै आउनुपर्ने परिस्थिति छ । भोली हामीले चाहि त्यो जनशक्ति रोज्दा खेरि हाम्रो प्रदेशको लोकसेवाले त्यो खालको जनशक्ति दिने खालको चाहि एउटा मेकानिजम त्यसले बनाउने छ । र हाम्रो प्रदेशका सेवाग्राहि, हाम्रो प्रदेशको सार्वजनिक सेवा ईत्यादिमा एउटा महत्वपूर्ण कोसेढुंगा हुने गरिकन यो प्रदेशको लोकसेवा गठन हुने छ र यो विधेयक त्यहि अनुकुल भोली समितिमा गएर दफावार छलफलमा जाने छ र प्रदेश सभाले सम्मानीत प्रदेश सभाले पारित गर्ने छ म पुनः धन्यवाद दिन चाहान्छु माननीय मन्त्रीज्यूलाई अत्यन्त सुझबुझका साथ व्यवस्थित तरिकाले यो प्रदेशको सेवा आयोग गठन गर्नको लागि यो चाहि विधेयक हाम्रो हातमा परेको छ म माननीय मन्त्री र मन्त्रालयलाई पुनः धन्यवाद दिदै यो अत्यन्त स्वतन्त्र, विज्ञ प्रदेश लोकसेवा आयोग गठन हुने कुरामा विश्वस्त हुन चाहान्छु धन्यवाद ।

**मा० श्यामलाल राना :-** माननीय सभामुख महोदय, प्रदेश सरकारको तर्फबाट माननीय मन्त्री आन्तरिक मामिला मन्त्रीज्यूले प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ सदन समक्ष पेश गर्नु भएको छ । यो ढीलै भएपनि महत्वपूर्ण विधेयक छ । यसलाई सुझबुझका साथमा यो प्रस्तुत भएको छ । माननीय सभामुख महोदय, संविधानको मर्म र भावनालाई आत्मसाथ गर्दै राज्यका निर्देशक सिद्धान्तहरुलाई पनि यस विधेयकले अवलम्बन गर्नुपर्ने अवस्था मैले देखि राखेको छु । र बास्तवमा नितान्त रुपमा यो विधेयकले यो प्रदेश अर्न्तगत सरकारी सेवा लगायत अन्य संगठित संस्थाहरुको सेवामा र स्थानीय तहमा समेत यसले राष्ट्रसेवक कर्मचारीहरुको जुन सरकारको मेकानिजम छ यसलाई पूर्णता दिन यसले महत्वपूर्ण भुमिका खेल्ने छ । र बास्तवमा यो प्रदेश अर्न्तगत रहेका सम्पूर्ण आदीवासी, जनजाति, थारु, दलित, अल्पसंख्यक, महिला लगायत सबै पक्षलाई सम्बोधन गर्ने किसिमको व्यवस्था यो विधेयकमा हुन जरुरी छ र बास्तवमै हामी कति लोकतान्त्रिक छौ । यो सरकार कति लोकतान्त्रिक छ भन्ने कुरा यो विधेयकले प्रमाणित गर्ने छ ।

त्यस कारणले यो विधेयकलाई अझै प्रस्तुत गर्नको लागि विषयगत समितिमा दफावार छलफलको लागि पठाउन अति अनिवार्य मैले देखेको छु र सोही अनुसार माननीय सभामुख मार्फत यस विधेयकलाई विषयगत समितिमा व्यापक छलफल गर्नको लागि यो विधेयकलाई एकदम परिपक्क बनाउनको लागि विषयगत समितिमा छलफलको लागि पठाईनु पर्छ भन्ने सुझावका साथ आफ्नो मन्तव्य यहि राख्न चाहान्छु धन्यवाद ।

**मा० लिलाधर भट्ट :-** माननीय सभामुख महोदय, प्रदेश लोकसेवा आयोग गठन, काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ आज सदनमा सैद्धान्तिक छलफलको लागि प्रस्तुत भएको छ । यसको लागि म प्रदेश सरकारलाई धेरै धेरै धन्यवाद दिन चाहान्छु । यो धेरै ढीलो भएर आएको होईन मलाई लाग्छ उपयुक्त समयमा आएको जस्तो लाग्छ । संघीय लोकसेवा आयोग सम्बन्धि ऐन आईसकेपछि त्यसैमा टेकेर बनाउनुपर्ने हुन्छ । हामीले चाहेका त छिटै चाहान्थिउ तर चाहादा चाहादै पनि धेरै बाध्यता छ । यो हामी सबैले बुझेका छौ । हामी संविधान र संघीय ऐन सँग बाझ्ने गरेर कुनै पनि कानून र विधेयक ल्याउन नसक्ने हाम्रो संवैधानिक व्यवस्थाको आधारमा यो विधेयक आएको छ । यो विधेयक एकदमै समृद्ध भएर आएको छ । मैले देख्दा अध्ययन गर्दा पहिलेका विधेयक भन्दा धेरै कुरामा धेरै अध्ययनका बावजुत यो आएको मैले महसुस गरेको छु । यसको लागि सरकारलाई र सम्बन्धित मन्त्रीज्यूलाई विशेष धन्यवाद दिन चाहान्छु । यसका दफावार छलफल भन्दा पनि अहिले हामी एउटा चरण नेपाललाई विगठन, पुर्नगठन र नवनिर्माणको हामी एउटा चरणमा छौ । हिजो समाज जसरी समाजमा जागिर खाने भन्ने कुरा ठुला बडाको आर्शिवादले जागिर खाईन्छ भन्ने एउटा मनोविज्ञान थियो । र कर्मचारी कसैलाई नियुक्ति गर्दा खल्तीको भरमा र सोर्सको भरमा भर्ना गर्ने मनोविज्ञान व्याप्त भएको बेला नेपाल सरकारले अहिलेको स्थिर सरकारले नेपालमा जतिपनि नियुक्ति हुन्छन ती नियुक्ति मान्छेको क्षमता र योग्यताका आधारमा हुन्छन भन्ने कुरा स्थापित गरिदिएको छ । भर्खरै सम्पन्न क्षिक सेवा आयोग विसौ बर्ष देखि अस्थायी र करार रुपमा रहेका शिक्षकहरुलाई भर्ना गर्ने कुरा होस, प्रधानमन्त्री रोजगार संयोजक नियुक्ति गर्ने कुरामा होस सरकारले प्रहरी जवान भर्ना गर्ने कुरामा होस, नेपाल आर्मिको छनौटको कुरा होस यो सरकारले स्थिरता भनेको के हो भन्ने कुरा जनमानसमा पुगेको छ । आज जागिर खानको लागि कसैको सोर्स र फोर्स चाहिदैन पढ्नुपर्ने रहेछ, ज्ञान हुनुपर्ने रहेछ भन्ने कुरा जनमानसमा स्थापित भएको छ । यसको लागि धन्यवाद दिन चाहान्छौ । र यो विधेयकले पनि अब प्रदेश सरकारले पनि हामी कसैले पनि योग्यता र क्षमताका आधारमा जागिर गर्छौ त्यसको लागि छनौट गर्नको लागि एउटा निस्पक्ष अहिले सम्म सबैले विश्वास गरेको लोकसेवा आयोग प्रदेशमा गठन हुनेछ । यो गठन भैसकेपछि यो जुनसुकै विधेयकलाई झै गठन गरि आईसकेपछि त्यसका गठन आदेश र कानूनको रुपमा धारण गरिसकेपछि त्यसलाई कार्यान्वयनमा एउटा समस्या छ र यो कानून आई सकेपछ त्यलाई संग्रालयमा थन्काउनु भन्दा छिटो भन्दा छिटो कार्यान्वयन कसरी गर्न सकिन्छ । त्यो कार्यान्वयनको लागि सरकारले बाटो खोल्नु पर्छ र यसका साथ साथै हाम्रा विधेयकहरुले जसरी आयोग गठन गर्ने, विभिन्न निर्देशनालय गठन गर्ने, विभिन्न बोर्डहरु गठन गर्ने बाटो खोलिदिदा सबै भन्दा पहिले हामीलाई आवश्यक पर्ने कुरा आर्थिक व्यायभार हुन्छ र अब नीति तथा कार्यक्रम पनि छिट्टै आउदै छ । नीति तथा कार्यक्रममा पनि लोकसेवा गठन गर्ने । त्यस्तै गरि विभिन्न बोर्डहरु गठन गर्ने, विभिन्न समितिहरु गठन गर्ने सम्बन्धी पनि नीति तथा कार्यक्रममा आओस त्यसका साथै आउने बजेटमा यो लोकसेवा आयोग गठन हुदा आर्थिक व्यायभार हुन्छ र आर्थिक व्यायभार भोलीका दिनमा कर्मचारी भर्ना गर्दा करोडौ पैसा लाग्ने हुन्छ त्यसका लागि पनि बजेटमा रकम विनियोजित गरियोस र यो रकमका

साथ साथै कार्यालय स्थापना गर्ने र दक्ष कर्मचारी स्थापना गर्ने कुरा हुन्छ । त्यसका साथ साथै आयोग गठन गर्ने कुरामा केहि रुपमा अरु पनि कुरा हुन सक्छन् । तीन सदस्यीय, पाच सदस्यीय कति बनाउने । समावेशिको सिद्धान्तको आधारमा हुनुपर्छ भन्ने कुरा सरकारले एउटा ड्राफ्ट ल्याएको छ । यो ड्राफ्टमा हाम्रो विषयगत समितिमा पनि हामी गम्भिर छलफल गर्ने छौ र यो विधेयकलाई कार्यान्वयन छिटे कार्यान्वयनमा जानेछ र समितिले पनि छिटै यसलाई छलफल गर्ने छ भन्ने विश्वास व्यक्त गर्न चाहान्छु । धन्यवाद ।

*(बोलिसके पछि)*

६. **माननीय सदस्यहरू,**

**“प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६”** माथिको सामान्य छलफलमा बोल्ने समय यँही समाप्त हुन्छ ।

७. **माननीय सदस्यहरू,**

अब, म आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई **“प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६”** माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु ।

आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाह :- माननीय सभामुख महोदय, प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि हामी सैद्धान्तिक छलफल गर्दै छौ । माननीय सदस्यज्यूहरुबाट महत्वपूर्ण सुझावहरु आएका छन् । आफ्ना विचारहरु यहा प्रकट भएका छन् । यो संवैधानिक एउटा आयोग भएका कारणले संवैधानिक दायित्व छ । यसको संवैधानिक कर्तव्य छ । यसको निश्पक्षता र प्रभावकारीता कायम हुने गरि यो अगाडि बढ्नु पर्दछ । यसमा विज्ञ र सरोकारवालाहरुको कन्सर्न रहनुपर्दछ । यो मर्यादित समावेशि प्रकृतिको हुनुपर्दछ र चाहि सार्वजनिक सेवा प्रवाहलाई यसले अझै प्रभावकारी ढंगले अगाडि बढाउन सक्ने खालको हुनुपर्दछ भन्ने कोणबाट माननीयज्यूका महत्वपूर्ण सुझावहरु आएका छन् । म ती सबै सुझावहरुलाई ग्रहण गर्न चाहान्छु । खास गरेर हामी हाम्रो संविधानको धारा २४४ मा व्यवस्था भएको संवैधानिक व्यवस्थाको संवैधानिक दायित्व पुरा गर्नका निम्ती प्रदेश लोकसेवा आयोगको गठन गर्न गैरहेका छौ । तत् सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफल गर्दै छौ । यसले प्रदेश र स्थानीय तहका कर्मचारीहरुको दरबन्दी अनुसार पदपूर्ति गर्ने, विज्ञापन गर्ने, परिक्षा संचालन गर्ने आदि कामका निम्ती यो आयोग अत्यन्तै जरुरी छ र यसले विभागिय कारवाही गर्नुपर्यो आफ्नो प्रदेश मातहतका र स्थानीय तहका कर्मचारीहरुको विभागिय कारवाही गर्नुपर्यो । त्यसका निम्ती सिफारीस गर्नुपर्यो र बढुवाका लागि सिफारीस गर्नुपर्यो यि कामका निम्ती अत्यन्त जरुरी भएको अवस्थामा प्रदेश लोकसेवा आयोगको गठनलाई अगाडि लिनुपर्ने अहिलेको अत्यन्तै टट्कारो आवश्यकता छ । यसमा खास गरेर प्रदेश लोकसेवा आयोगका पदाधिकारीहरुको योग्यता र पनौट प्रक्रियाका बारेमा परिक्षा संचालन गर्ने, विधिका बारेमा विज्ञापन सन्दर्भमा लिखित परीक्षा संचालनका क्रममा उत्तरपुस्तिकाको परिक्षण र समपरिक्षण गर्ने सन्दर्भमा यसमा विशेष व्यवस्था छ र त्यसै गरि प्रदेश लोकसेवा आयोगका पदाधिकारीहरु, प्रदेश लोकसेवा आयोगमा रहने कर्मचारीहरु, परीक्षामा खटिने कर्मचारीहरु, त्यसैगरि उत्तरपुस्तीका जाच्ने परिक्षकहरु र सबै

परिक्षार्थीहरुले पालना गर्नुपर्ने यि सबै पक्षले पालना गर्नुपर्ने आचरण, व्यवहार र उल्लंघन गरेपछि हुने सजाय र मुद्दा सम्बन्धि विविध व्यवस्था छ । त आज यो प्रदेशको टट्कारो आवश्यकता भएका कारणले ढीला हुनाको कारण त माननीय सदस्यज्यूबाट पनि यहा व्यक्त भैसक्या छ । हामी कतिपय हाम्रा संवैधानिक कानूनी जटिलताहरु छन्, दायराहरु छन् हामी संविधानलाई क्रस गरेर केन्द्रिय संघीय कानूनलाई क्रस गरेर अगाडि जान नसक्ने स्थितिमा छौ । संघले कानून नबनाएर त्यसले मापदण्ड तय नगरिदिएर प्रदेशले कानून बनाएर अगाडि जान सक्ने त्यो हैसियत हामीलाई प्राप्त छैन विविध कारणले ढीलाई भए पनि प्रदेशको अत्यन्त आवश्यक खास गरि कर्मचारीको चाहि तर्फबाट सार्वजनिक सेवा प्रवाहमा निस्पक्षता कायम गर्ने, दक्षता कायम गर्ने प्रदेशको टट्कारो आवश्यकतालाई सम्बोधन गर्ने यो अवस्थाको जुन जरुरत अवस्था थियो त्यसलाई सम्बोधन गर्न हामीले यो विधेयकलाई यहा प्रस्तुत गरेका छौ । माननीय सदस्यज्यूहरुका महत्वपूर्ण सुझावहरुलाई हामी दफावार छलफलको क्रममा, विषयगत समितिको छलफलको क्रममा संसदिय समितिको छलफलमा जाने क्रममा हामी व्यापक छलफल गरेर यहाहरुका महत्वपूर्ण धारणाहरुलाई, दृष्टिकोणहरुलाई, सुझावहरुलाई ईन्कारपोरेट गर्ने छौ भन्ने कुरा राख्न चाहान्छु । धन्यवाद ।

*(जवाफ दिएपछि)*

८. **माननीय सदस्यहरू,**

प्रदेश सभा नियमावली, २०७४ को नियम ११० बमोजिम विधेयकमाथि संशोधनको सुचना दिन सकिने म्याद सामान्य छलफल सकिएको मितिले ७२ घण्टा निर्धारण गरेकोले प्रस्तुत विधेयक माथिको बाँकी कारवाही उक्त म्याद समाप्त भए पश्चात मात्रै हुने व्यहोरा जानकारी गराउछु ।

*(जानकारी गराएपछि)*

९. **माननीय सदस्यहरू,**

**"प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथिको आजको कार्बाही यँही समाप्त हुन्छ ।

१०. **माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७६ साल जेष्ठ १९ गते आईतबार दिनको ४:०० बजे बस्ने भएकोले उक्त समय सम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।